# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०७९/०८०

च.नं.:

मितिः....................................

## !! तहवृद्धि सम्बन्धी सूचना !!

**सूचना प्रकाशन मितिः- २०८०।०३।२५**

गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा तोकिए बमोजिमको योग्यता,न्युनतम सेवा अवधि पुरा गरेका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षहरुको कार्य सम्पादन मूल्यांकन लगायतका कानूनी आधार पुरा गरेका सहायकस्तर तहका कर्मचारीलाई सम्बन्धित सेवा समूह वा उपसमूह भित्रको पदमा तहवृद्धिका लागि माथि उल्लेखित ऐनको दफा ९ बमोजिम योग्यता पुरा गरेका तथा दफा ३१ बमोजिम तहवृद्धिका लागि अयोग्य नभएको, तहवृद्धि हुने भन्दा एक तह मुनिको सम्बन्धित सेवा समूह/उपसमूहको पदमा यस कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुले यस गाउँपालिकाको वेबसाइट (www.devghatmun.gov.np) रहेको तह वृद्धि सम्बन्धि आवेदन फारम डाउनलोड गरी फारममा उल्लेखित विवरण खुलाई नेपाली कागजमा दुई प्रति प्रिन्ट तयार गरी मिति २०८०।०३।३१ गते कार्यालय समय सम्ममा यस कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका वा तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

पूनश्चः तहवृद्धि/तह मिलान सम्बन्धि अन्य व्यवस्थाहरु गण्डकी सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम हुनेछ ।

..............................

रमेश सुवेदी

प्रमुख प्रशासकिय अधिकृत

रमेश सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

फोनः ०५६-५०००६८, ५०००७२
इमेलः devghat.ruralmun@gmail.com, info@devghatmun.gov.np, वेबसाइटः devghatmun.gov.np